# फोहरमैला व्यवस्थापन सम्वन्धी

प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७५/१०/०१

भीमेश्वर नगरपालिका अर्न्तगत आ.व. २०७५/०७६ (बाँकि अवधि) देखि आगामी ३ (तीन) वर्ष (आ.व. ०७८/७९ सम्म) का लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को (झ) १० अनुसार नगर क्षेत्रवाट फोहर व्यवस्थापनको लागि नीजी क्षेत्र संगको समन्वय तथा साझेदारीमा दोलखा, चरिकोट वजार क्षेत्र लगायत न.पा.ले. तोकेको अन्य शहरी क्षेत्रको फोहरमैला व्यवस्थापन गर्न ईच्छुक फर्म, कम्पनी, संघ संस्थाहरुबाट प्रस्ताव पेश गुर्नहुन यो सूचना प्रकाशित गरिएको छ। शर्तहरु :

१) सूचना प्रकाशित भएको मितिले ३० औ दिनको कार्यालय समय सम्म भीमेश्र नगरपालिकाबाट तयार गरिएको शिलवन्दी वोलपत्र फाराम रु ३०००/ मा खरिद गरी ३१ औ दिनको १२ वजे भित्र आफुले उल्लेखित स्थानको फोहोर व्यवस्थापन गर्न आफ्नो र नगरपालिकाको दायित्व सहितको प्रस्ताव पत्र यस कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ।

२) उल्लेखित समय भित्र दर्ता हुन आएका शिलवन्दी वोलपत्र ३१ औ दिनको २ वजे संस्थाको प्रतिनिधी र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। सस्थाको प्रतिनिधी उपस्थित नभएपनि प्रस्ताव खोल्न वाधा पर्नेछैन ।

३) प्रस्ताव दर्ता गर्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खोलेको दिनको उल्लेखित समय कायम हुनेछ।

४) प्रस्ताव दर्ता गर्दा खाममा राखि शिलवन्दी गरी वाहिर यस कार्यालयको नाम र वोलपत्रदाताको नाम ठेगाना सहित ठेक्का शिर्षक स्पष्टसाथ खुलाउनुपर्नेछ।

५) प्रस्ताव साथ कर दर्ता प्रमाण पत्र , फर्म नविकरण प्रमाणपत्र, आ.व. ०७४/०७५ को कर चुक्ता प्रमाणपत्र तथा संस्थाको विवरण पेश गर्नुपर्नेछ।

६) धरौटी रकम रु १,००,०००/-(एक लाख) यस कार्यालयको नेपाल वैक लिमिटेड चरिकोट शााखामा रहेको धरौटी खाता नं. १३००३००००००००३०००११ मा जम्मा गरेको सक्कल वैक भौचर संलगन गरी प्रस्ताव दर्ता गराउनु पर्नेछ।

७) प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव छुटा छुट्टै पेश गर्नुपर्नेछ। प्राविधिक प्रस्तावमा न्यूनतम ४० अंक प्राप्त गर्नेको मात्र आर्थिक प्रस्ताव खोलिनेछ।

८) फोहरमैला व्यवस्थापन वापत न.पा.ले निर्धारण गरे वमोजिम सरसफाई सेवा शुल्क उठाउन पाउने रकमका अतिरिक्त न.पा.ले व्यहोर्ने अधिकतम रकम मासिक रु २,००,०००/- (दुई लाख) भन्दा वढी हुनेछैन।

९) यसमा उल्लेख नभएका शर्तहरु प्रचलित ऐन कानून वमोजिम हुनेछ।

१०) ठेक्का सम्वन्धि शर्तहरु वोलपत्र फारामसाथ उपलव्ध गराईनेछ।

११) थप अन्य कुरा वुझ्नु परेमा भीमेश्वर नगरकार्यपालिकाको कार्यालयमा वुझ्न सकिनेछ।